ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जलस्रोत तथा सिंचाइ विभाग

# भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

## Satrategic Plan (रणनीतिक योजना)

माघ, २०७५

# प्राक्कथन

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत राष्ट्रिय गौरवको आयोजनाको रुपमा नवगठित जलस्रोत तथा सिंचाइ विभागबाट (साविक सिंचाइ विभागबाट) कार्यन्वयनमा रहेको छ । आयोजनाको सुरुङ निर्माण कार्य दुई तिहाई भन्दा बढी सकिइ सकेको छ भने अन्य कार्य तयारी चरणमा रहेको छ ।

यस आयोजनाले ४.२ मीटर व्यास र १२.२ कि.मी. लामो सुरुङ्ग मार्फत भेरी नदीबाट ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसाली बर्दिया र बाँके जिल्लाका करीव ५१,००० हेक्टर भुमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउनुको साथै ४६.८ मेगावाट विद्युत उत्पादन समेत गर्ने लक्ष लिएको छ। यस आयोजनामा नेपालमा पहिलो पटक Tunnel Boring Machine (TBM) प्रयोग गरी सुरुङ्ग निर्माण गर्ने कार्य सुरु भै सकेकोले नेपालको पूर्वाधार विकासको लागि प्रविधि विकासमा ठूलो फड्को मार्ने पहिलो डाइभर्सन बहुउद्देश्यीय आयोजना समेत भएकोले यो आयोजना विषेश महत्वको रहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको मन्त्रिस्तरीय निर्णयानुसार आयोजना निर्देशकको रुपमा संजीव वराललाई तथा अन्य कर्मचारीको हेरफेर भए पष्चात र आयोजना निर्देशकले मिति २०७५/०५/१३ गते आयोजनाको नेतृत्व गरे पष्चात आयोजनालाई स्पष्ट दिशानिर्देश गर्न यो रणनीतिक योजना तयार पारिएको छ । भेरी ववइ डाईभर्सन आयोजनाको वर्तमानको अवस्था,विद्यमान समस्याहरु आदिको विष्लेषण गरी आवश्यक संरचना, मानव संसाधन, श्रोत, साधनहरुको यथार्थ पहिचान गरी आयोजनालाई तोकिएको समयमा, अनुमानित लागत र गुणस्तरमा सम्पन्न गर्न भावि योजना समेत तयार गर्नेगरी यो रणनीतिक योजना (Strategic Plan) पत्र तयार गरिएको छ ।

आयोजनालाई यो अवस्थासम्म ल्याउन विगतमा ठूला चुनौतीहरु सामना गर्नुको साथै अथक मिहिनेत गर्नुहुने पूर्व आयोजना निर्देशक श्री शिव वस्नेत तथा अन्य कर्मचारीहरुमा हार्दिक आभार तथा उच्च आदर सम्मान प्रकाट गर्दछौं । आगामी दिनमा आयोजनाले लिएको उद्देश्यहरु पुरा गर्ने गरी सम्पन्न गर्न सवैको साथ सहयोग हुने विश्वास लिदै सोको लागि अपिल गर्दछौं ।

आयोजना निर्देशक तथा समग्र आयोजना परिवार

भेरी ववइ डाइभर्सन बहुउद्देश्यीय आयोजना

माघ, २०७५

## १ पृष्ठभुमी

परापुर्वकालदेखि नै नेपाली कृषकहरुले स्थानीय प्रवीधीको उपयोग गर्दै खोला नदीहरुमा अस्थाई बाँध निर्माण गरी कुलोको माध्यमबाट खेतबारीमा पानी पुर्याइ सिंचाइ गर्दै आएकोमा सरकारी स्तरमा वि.स. १९८५ मा चन्द्र नहरको निर्माण गरी देशमा पहिलो आधुनिक सिचाइ प्रणालीको शुरुवात गरिएको थियो ।

वि.सं.२००९ मा नहर विभागको रुपमा स्थापना भई सिंचाइ तथा जलवायु विज्ञान विभाग हुँदै २०४४ सालमा सिंचाइ विभागको नामाकरण गरी यो विभाग समग्र सिंचाइ विकासको प्रतिनिधि संस्थाको रुपमा स्थापित भई यस क्षेत्रमा कार्य गर्दै आएको थियो । नेपाल संघीय संरचनामा गए पश्चात वि.सं. २०७५ मा सिंचाइ विभाग र जल उत्पन्न प्रकोप व्यवस्थापन विभागलाई एउटै वनाई जलश्रोत तथा सिंचाइ विभागको गठन गरिएको छ ।

अन्य उद्देश्यहरुको अलावा नवगठित जलश्रोत तथा सिंचाइ विभागले वढ्दो जनसंख्या र आर्थिक उन्नतिवाट वढ्न जाने खाध्यान्न आवश्यकता पूर्ति गर्न संचाइका ठूला भौतिक संरचना निर्माण, अन्तरजलाधार (Interbasin Transfer) र बहुउद्धेश्यीय आयोजनाहरुको विकास गर्नुको साथै यस क्षेत्रको समग्र क्षमता अभिवृद्धि गर्ने रहेको छ ।

देशको कुल क्षेत्रफल १,४७,१८,१०० हेक्टर मध्ये कुल कृषि योग्य क्षेत्रफल २६,४१,००० हेक्टर रहेकोमा कुल सिंचाइ योग्य जमिन करिव १७,६६,००० हेक्टर मात्र रहेको छ । विगतका विभिन्न प्रयासहरुबाट हाल सम्म कुल १४,३३,२८७ हेक्टर जमिनमा सिंचाइ संरचनाहरु निर्माण भई यस विभागले सिंचाइ सुविधा पुर्याइरहेको छ । जसमा ४,४३,३६५ हे. जमिन भूमिगत सिंचाइबाट, १,७६,९२५ हे. जमिन परम्परागत सिंचाइ प्रणालीबाट र ८,१३,०६७ हे. जमिन सतह सिंचाइबाट सिंचित भएको छ । सिंचित जमिन मध्धे करिव ३५% भुमिमा मात्र वाह्रै महिना सिंचाइ सेवा उपलब्ध गराउन सकिएको छ ।

जलस्रोत तथा सिंचाइ विभाग अन्तरगत संचालित कार्यक्रमहरु मध्धे राष्ट्रिय गौरव अन्तरगतका आयोजनाहरुको रुपमा सिक्टा सिंचाइ आयोजना, रानी जमरा कुलरिया सिंचाइ आयोजना, बबइ सिंचाइ आयोजना र भेरी बबई डाइभर्सन वहुउद्देश्यीय आयोजना गरी चारवटा आयोजनाहरु रहेका छन् । जसमध्धे भेरी बबई डाइभर्सन वहुउद्देश्यीय आयोजना वेसिन डाईभर्सन तथा वहुउद्देश्यीय आयोजनाको रुपमा एक महत्वपूर्ण र समग्र जलस्रोतको क्षेत्रमा कार्य गर्नेहरुको लागि गर्वको आयोजनाको रुपमा रहेको छ ।

अतः राष्ट्रिय गौरवको भेरी बबई डाईभर्सन वहुउद्देश्यीय आयोजनाको वर्तमानको अवस्था विद्यमान समस्याहरु आदिको विष्लेषण गरी आवस्यक संरचना, मानव संसाधन, श्रोत, साधनहरुको यथार्थ पहिचान गरी आयोजनालाई तोकिएको समयमा, अनुमानित लागत र गुणस्तरमा सम्पन्न गर्न भावि योजना समेत तयार गर्नेगरी यो रणनीतिपत्र (Strategic Paper) तयार गरिएको छ ।

## २ भेरी बबई डाईभर्सन आयोजनाको रणनीतिपत्रको उद्देश्यहरु

भेरी ववइ डाईभर्सन आयोजनाको रणनीतिपत्रका उद्देश्यहरु निम्न अनुसार हुनेछन् ।

- भेरी ववइ डाईभर्सन वहुउद्देश्यीय आयोजनाको वर्तमानको अवस्था (प्रगति), समस्या, कमिकमजोरी, अवसर र चुनौतिहरुको यथार्थ चित्रण गर्ने ।

- आयोजनाको लागि आवस्यक श्रोत, साधनहरुको यथार्थ पहिचान गरी आयोजनालाई तोकिएको समयमा, अनुमानित लागत र गुणस्तरमा सम्पन्न गर्न भावि योजना तयार गर्ने ।
- आयोजनाबाट भविष्यमा डाईभर्सन आयोजनाहरुको तथा बहुउद्देश्यीय आयोजनाहरुको कार्यान्वयन गर्न यस सम्वन्धी विभिन्न पक्षहरुको विष्लेषण गरी विकास तथा संचालन आवधारणाहरु तयार गर्ने ।
- यस आयोजनाको लागि आवश्यक संरचना, मानव संसाधन, स्रोत साधनको यथार्थ चित्रण गर्ने र विभिन्न निकायसंग गर्ने समन्वयको सम्वन्धमा समेत विष्लेषण गर्ने ।

## ३ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको परिचय


नेपालमा हाल सम्म विकास गरिएका धेरै जसो सिंचाइ योजनाहरुमा मझौला तथा साना नदीहरुको पानी उपयोग गरिएका र वर्षादमा थप पानी उपलव्ध गराउने (Monsoon Supplement Irrigation System) प्रकृतीका छन् । यी नदीहरुमा सुख्खा समयमा धेरै नै कम पानी हुने हुनाले आबश्यक मात्रामा पानी उपलब्ध नभएबाट विकसित सिंचाइ प्रणालीहरुमा बाह्रै महिना सिंचाइ सुविधा उपलव्ध हुन सकिरहेको छैन । जसले गर्दा कृषि उत्पादनमा उल्लेखनीय बृद्धि नभएको अबस्था छ । नेपालका हिमनदी स्रोत भएका नदीहरुको पानीलाई मझौला नदीहरुमा स्थानान्तरण गर्न सकिएमा विकसित सिंचाइ प्रणलीहरुको पूर्ण रुपमा उपयोग गरी कृषि उत्पादनमा वृद्धि भै मुलुकमा खाद्यान्न संकटको समस्या समाधान गर्न सकिने देखिन्छ । यस्तो प्रयास स्वरुपनै नेपालमा सिंचाइ विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना "भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना" को कार्यान्वयन प्रक्रिया तीव्र गतिमा अघि बढाइएको छ ।

यस आयोजना अन्तर्गत सुर्खेत जिल्लाको भेरीगंगा न.पा.को चिप्ले स्थित भेरी नदीमा ११४ मीटर लामो व्यारेज सहित १५८ मीटर डिसेन्डीङ्गबेसिन र टनेल पोर्टलको निर्माण गरिने छ। साथै ४.२ मीटर व्यास र १२.२ कि.मी. लामो सुरुङ्ग मार्फत ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसालिने छ । करीव १५३ मीटर हेडको उपयोग गर्दै २३.४ मे.वा. क्षमताका दुइवटा टर्वाइनबाट ४६.८ मेगावाट विद्युत उत्पादनको क्षमताको बिधुतगृह निर्माण गरी करिव ४०० गिगावाट आवर विधुत उत्पादन गरिनेछ । आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप पानीबाट बबई हेडवर्क्स उपयोग गर्दै बर्दिया र बाँके जिल्लाका करीव ५१,००० हेक्टर भुमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुनेछ ।

नेपालमा पहिलो पटक Tunnel Boring Machine (TBM) प्रयोग गरी सुरुङ्ग निर्माण गरिने यो आयोजनाले नेपालमा प्रविधि विकासमा ठुलो फडको मार्ने अपेक्षा राखिएको छ ।

आयोजना विकासको लागि आयोजना कार्यालय विरेन्द्रनगर, सुर्खेतमा मिति २०६८/०५/०७ मा स्थापना गरी निर्माण कार्य आ.ब. २०६८।६९ मा शुरु गरिएको थियो र शंसोधित समय तालिका आनुसार आ.ब. २०७९।०८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजना नेपाल सरकारको स्रोतमा बहुउद्देश्यीय, जल स्थानान्तरण आयोजनाको रुपमा आगाडी वढाइएको छ ।

आयोजनाको शुरु लागत अनुमान रु १६ अर्ब ४३ करोड रहेकोमा हाल संशोधित गुरुयोजना (स्वीकृत मितिः २०७५।०८।१०) अनुसार लागत अनुमान ३६ अर्ब ८० करोड रहेको छ । जसमा भेरी बबई डाइभर्सन तर्फ ३३ अर्ब १९ करोड र भेरी कोरीडर विकास आयोजना तर्फ ३ अर्ब ६१ करोड रहेको छ ।




चित्र नं. १: आयोजना ले आउट तथा सिंचित क्षेत्र

# ४ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको दिर्धकालिन दृष्टिकोण

## ४.१ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको दुरदृष्टि (Vision)

***"कृषियोग्य भुमिमा बाह्रैमहिना सिंचाइ उपलब्ध गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धि तथा जलविद्युत उत्पादन गरी देशको दिगो आर्थिक वृद्धि हासिल गर्न अन्तर जालाधार जल स्थानान्तरण तथा बहुउद्देश्यीय जलस्रोत आयोजनाहरुको विकास आधुनिक प्रविधिको सफल प्रयोग गर्दै सक्षम र सुदृढ सार्वजनिक क्षेत्रको माध्यमबाट गर्ने "***

## ४.२ आयोजनाको मिसन (Mission)

- वेसिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भुमिमा बाह्रैमहिना सिंचाइ सेवा उपलव्ध गराउनुको साथै जलविद्युत र अन्य फाइदा लिने ।
- सुरुङ निर्माण गर्न टनेल बोरिङ्ग मेसिनको सफल प्रयोग गरी यस्ता प्रविधि नेपालको अन्य पूर्वाधार विकासमा समेत प्रयोग गर्ने ।
- डाइभर्सन बहुउद्देश्यीय आयोजनाहरुको निर्माण गर्न सार्वजनिक क्षेत्रको क्षमता अभिवृद्दि गर्ने ।

## ४.३ आयोजनाको उद्देश्यहरु (Objectives)

- आ.व. २०७९/०८० सम्म आयोजना सम्पन गरी बाँके र वर्दियाको ५१,००० हेक्टर जमिनमा बाह्रै महिना सिंचाइ सेवा उपलव्ध गराहनुको साथै, ४६.८ मे.वा जलविद्युत र अन्य फाइदाहरु समेत लिने ।
- १२.२ किलोमिटर सुरुङ्ग निर्माणमा टनेल बोरिङ्ग मेसिनको सफल प्रयोग गर्ने ।
- जलस्रोत तथा सिंचाइ क्षेत्रमा कार्यरत प्रविधिकहरुको बहुउद्देश्यीय आयोजना विकास तथा TBM जस्ता प्रविधिको प्रयोग गर्न प्राविधिक क्षमता अभिवृद्दि गर्ने ।
- भेरी कोरिडर/बबई कोरीडरमा सौर्य तथा विद्युतिय लिफ्ट सिंचाइ प्रणालीको निर्माणको साथै अन्य पुर्वाधारहरुको विकास गर्ने ।

## ४.४ भेरी -ववई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको फाइदाहरु (Benefits)

भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट निम्न फाईदा लिन सकिन्छ :

- भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट ५१,००० हेक्टर जमिनमा वाह्रै महिना सिंचाइ सेवा, ४६.८ मेगावाट जलविद्युत (फर्म पावर) (रन अफ द रिभर प्रकृती अनुसार करिव १५० मेगावाट वरावर हुन आउनुको साथै सुख्खा समयमा समेत भरपर्दो विद्युत आउने) को साथै अन्य आमोद-प्रमोद, पर्यटन तथा वातावरणीय फाइदा लिन सकिनेछ ।
- भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट हाल निर्माणाधिन ववई सिंचाइ प्रणालीमा भरपर्दो तरिकावाट बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुनुका साथै सतह र भुमिगत जलस्रोतको संयोजनात्मक

रुपमा दिगो उपयोगबाट उक्त क्षेत्रको उर्वर भुमिमा कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिगरी हाल कृषिमा भएको आयातको असन्तुलन (Trade Deficit) कम गर्न मद्दत पुर्याउने छ।

- नेपालको हाईड्रोलोजी अनुसार ववई वेसिनमा सुक्खा समयमा हुने जलश्रोतको अपर्यप्तता लाई पुर्ति गर्ने उपयुक्त विकल्प हुनेछ।
- बांके र बर्दिया क्षेत्रमा भुमिगत जलस्रोतको उपयोगवाट घट्न थालेको भूपानीको सतह भेरी ववई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट भूमिगत जलस्रोत रिचार्ज हुने र यसबाट दीर्घकालीन रुपमा उक्त क्षेत्रको दिगो जलस्रोतको व्यवस्थापन हुनुको साथै वातावरणीय फाईदा समेत लिन सकिने छ।
- जलवायु परिवर्तनको कारणवाट आउने समस्याहरु निराकरणको लागि भेरी-ववई डाईभर्सन बहुउद्देश्यीय आयोजना जस्ता आयोजनाहरुको विकास उपयुक्त विकल्प हुने छ।
- भेरी-बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट सार्बजनिक क्षेत्र (नवगठित जलस्रोत तथा सिंचाइ विभाग) को बहुउद्देश्यीय तथा अन्तरजलाधार जलस्रोत आयोजनाहरुको विकासको लागि क्षमता अभिवृद्धि हुनुको साथै यस्तै प्रकृतिका अन्य आयोजनाहरु निर्माण गर्न सहयोगी हुनेछ।

यस आयोजना सम्पन्न भए पश्चात बाह्रै महिना सिंचाई उपलब्धताबाट कृषि उत्पादन बढ्न गई बार्षिक ३.१० अर्ब रुपैया अप्रत्यक्ष र विद्युतबाट रु. ३.२३ अर्ब रुपैया (रु ८.४ प्रति युनिट को दरमा) प्रत्यक्ष गरी बार्षिक जम्मा रु. ६.३३ अर्ब रुपैया फाइदा हुने अनुमान गरिएको छ (आ.ब. २०७४/७५ को मूल्य निर्धारण अनुसार)। साथै विद्युत दर रु १०.५० प्रति युनिट हुँदा विद्युतबाट बार्षिक रु. ४.०३ अर्ब फाइदा हुने छ। आयोजनाको शुरु लागत अनुमान रु १६ अर्ब ४३ करोड रहेकोमा हाल संशोधित गुरुयोजना (स्वीकृत मितिः २०७५।०८।१०) अनुसार लागत अनुमान ३६ अर्ब ८० करोड रहेको छ।

सिंचाइ क्षेत्र बाट हुने फाइदा

| सिंचाइ क्षेत्र | कमाण्ड एरिया (हे.) | आयोजना नहुँदा हालको फाइदा (रु) | आयोजना पश्चात फाइदा (रु) | आयोजना पश्चात थप फाइदा (रु) | कैफिएत |
|---|---|---|---|---|---|
| भाग- १ | २१००० | ८६६८५१६५० | १९७४६४०५०० | ११०७७८८८५० | हालको बबई सिंचाइ आयोजनाको क्षेत्र |
| भाग- २ | १५००० | ६३२३५७६५० | १४१०४५७५०० | ७७८०९९८५० | |
| भाग- ३ | ६००० | ७८२०६८५० | ७४७१२३००० | ६६८९१६१५० | नयाँ क्षेत्र- बर्दिया |
| भाग- ४ | ९००० | ८०६५८४५० | ६२६९१७५०० | ५४६२५९०५० | नयाँ क्षेत्र- बाँके |
| **जम्मा** | **५१०००** | **१६५८०७४६००** | **४७५९१३८५००** | **३१०१०६३९००** | |

हाइड्रोपावर क्षेत्र बाट हुने फाइदा

| विवरण | इकाई | परिमाण | कैफिएत |
|---|---|---|---|
| कूल वार्षिक उर्जा उत्पादन | गि.वा.घण्टा | ४०४.७५ | |
| बिक्रियोग्य वार्षिक उर्जा उत्पादन | गि.वा.घण्टा | ३८४.५० | |
| उर्जा दर | रु. कि.वा./घण्टा | ८.४ | फर्म इनर्जी उत्पादन हुने |
| बार्षिक आम्दानी (रु ८.४/कि.वा.घण्टा को दरमा | रु. | ३२२९८००००० | |
| बार्षिक आम्दानी (रु १०.५/कि.वा.घण्टा को दरमा | रु. | ४०३७२५०००० | |

नोटः आयोजनाबाट फर्म विद्युत उत्पादन हुने हुँदा विद्युत बिक्रि दर जलाशययुक्त आयोजना लाई हुने दर लिन सकिने हुनाले विद्युतबाट हुने फाइदा थप हुने देखिन्छ।

## ५ स्वाट विष्लेषण (SWOT Analysis)

### ५.१ सवल पक्ष (Strengths)

भेरी बबई डाइभर्सन आयोजनाको सवल पक्षहरु निम्न रहेका छन् ।

- यस आयोजना सिंचाइ, जलविद्युत तथा अन्य फाइदा लिन सकिने आकर्षक आयोजनाको रुपमा रहेको ।
- मुख्य चुनौती रहेको टनेल निर्माण कार्यको प्रगती र पहिलो पटक प्रयोगमा ल्याइएको टनेल बोरिङ्ग मेसिनको प्रगती उत्साहजनक रहेको, आयोजनाको विस्तृत अध्ययन तथा वातावरणीय अध्ययन एवं डिजाइन पुनरावलोकन कार्य समेत सम्पन्न भई बांकी निर्माण कार्य सुरु गर्न सक्ने अवस्थामा रहेको ।
- नेपाल सरकारले भेरी बबई डाइभर्सन आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा लिइ प्राथमिकताको साथ कार्यान्वयनमा लगेको (बजेट तथा अन्य स्रोतको शुनिष्चितता भएको) ।
- ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय एवं जलस्रोत तथा सिंचाइ विभागको रचनात्मक सहयोग तथा प्राथमिकतामा रहेको ।
- सम्पुर्ण सरोकारवालाहरुको सकारात्मक सहयोग मिलेको ।

### ५.२ दुर्वल पक्षहरु (Weaknesses)

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासका कमिकमजोरीहरु तथा दुर्लाव पक्ष वा समस्याहरु निम्न रहेका छन् ।

- नेपालमा निर्मित सिंचाइ संरचनाहरु वर्षादको समयमा थप पानी (Monsoon Supplement Irrigation System) पुर्याउनको लागि विकास गरिएकोले अन्तरजलाधार बहुउद्देश्यीय आयोजनाहरुको अभावमा वर्षभरी सिंचाइ सुविधा पुर्याउन सकिएको छैन । हालसम्म कुल सिंचित क्षेत्रको ३५% खेतियोग्य जमिनमा मात्र वर्षभरी सिंचाइ सुविधा पुर्याउन सकिएको छ ।
- भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता अन्तरजलाधार बहुउद्देश्यीय आयोजनाहरुको विकासमा आवश्यक प्रविधिक मानव संसाधन पर्याप्त मात्रमा देशमा उपलव्ध हुन सकेको छैन । यस्ता आयोजनाहरुमा बहु-आयामिक दक्षताको आवश्यकता पर्ने भएकोमा क्षमताको अभाव रहेको छ। यसकारण यस्ता आयोजनाहरु विकास गर्न परामर्शदाता, निर्माण व्यवसायी तथा स्वतन्त्र परार्शदाताहरु वढी विदेशी हुने हुनाले परनिर्भरता वढ्नुको साथै लागत समेत बढी हुने गरेको छ ।
- आयोजनाको सुरुङ्ग निर्माण कार्य निर्माण सम्पन्न गर्नु पर्ने समयभन्दा अगावै सम्पन्न हुने अवस्था रहेको तर वांध तथा विद्युतगृह निर्माण कार्यमा ढिलाइ हुन जाँदा केही आलोचना हुने गरेको छ ।
- भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता अन्तरजलाधार बहुउद्देश्यीय आयोजनाहरुको विकासको लागि ठूलो रकम लाग्ने हुनाले पर्याप्त वजेट व्यवस्थापन हुन सकेको छैन । सिमित बजेट बिनियोजन हुने हुनाले निर्माण समय तथा लागत बढ्ने गरेको छ ।

- भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता ठूला आयोजनाहरु निर्माण गर्दा स्थानियहरुको उच्च आकांक्षा हुने हुनाले माग व्यवस्थापन, स्थानीय व्यक्तिहरुको अवरोध, दण्डहिनताको अवस्था, सुरक्षा जस्ता समस्याहरु आउने गरेका छन् । यसमा सरकारले उपयुक्त वातावरण निर्माण गर्न सकेको छैन ।
- भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासको लागि बिभिन्न निकायसँग साथै हालको संघीय संरचनामा तीन तहको सरकार संगको समन्वयमा समेत समस्या आउन थलेको छ ।
- जग्गा प्रप्तिमा विभिन्न समस्याहरु आउने गरेको, अत्यन्त लामो प्रकृया हुने, चलन चल्ति भन्दा र सरकारी रकर्डमा भएको दर भन्दा धेरै माग हुने, बढि विवाद हुने भएकोले भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता आयोजनाहरु प्रभावित हुने गरेका छन ।
- तथ्यांक संकलन, भण्डारण तथा व्यवस्थापन र निर्णय प्रकृयामा त्यसको प्रयोग गर्ने परम्परा नहुनु, यसतर्फ कम चासो तथा न्युन बजेट बिनियोजन हुनाले यस्तो संस्कारको विकास भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता आयोजनामा समेत गर्न सकिएको छैन ।
- वन तथा वातावरण क्षेत्रको अवरोध तथा स्विकृतीमा हुने ढिलाइले आयोजना प्रभावित हुने गरेको छ ।
- निर्माण सामाग्रिको उपलब्धता, नदी जन्य निर्माण सामाग्रि (ढुङ्गा, गिटि, वालुवा) लगायत स्थानिय निर्माण सामाग्री प्राप्तीमा कठिनाईले आयोजनाहरु निर्माणमा समस्या हुने गरेको छ ।
- राष्ट्रिय गौरवका आयोजनाहरुलाई छुट्टै व्यवस्था नहुनु, अरु आयोजना सरह व्यवहार गरिनु, प्रर्याप्त बजेट बिनियोजन, स्थानीय व्यक्तिहरुको अवरोध, शान्ति सुरक्षा, वन तथा वातावरणीय स्विकृती, निर्माण सामाग्रिको (गिटी, वालुवा, ढुङ्गा) व्यवस्थापनमा विशेष व्यवस्था भएको छैन ।

## ५.३ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासका अवसरहरु (Opportunities)

भेरी बबई जस्ता अन्तर-जलाधार बहुउद्देश्यीय आयोजनाको विकासबाट निम्न अवसरहरु सिर्जना हुने देखिन्छ ।

- यस आयोजनाको सफल कार्यान्वयन बाट जलश्रोत क्षेत्रको दुइवटा पक्षमा नयाँ आयाम विकास हुने अवस्था देखिएको छ । पहिलो, पर्याप्त पानी भएको भेरी नदी बेसिनको पानी अन्तर जलाधार जल स्थानान्तरणको माध्यमबाट पानीको अभाव भएको बबई नदी बेसिनमा स्थानान्तरण गरी त्यस क्षेत्रको जलश्रोत व्यवस्थापनमा महत्वपूर्ण उपलब्ध हासिल गर्न सकिने छ । दोश्रो, बहुउद्देश्यीय आयोजनाको विकासबाट जलश्रोतको अधिकतम तथा बहुआयामिक उपयोग गर्न सकिने छ ।
- आयोजनाको विकासवाट बाँके र बर्दिया जिल्लाका ५१,००० हेक्टर जमिनमा वाह्रै महिना सिंचाइ सेवा उपलब्ध गराउन सकिने छ ।
- आयोजनाको विकासवाट करिव ४६.८ मेगावाट विद्युत (सुख्खा समयमा समेत) उत्पादन गर्न सकिने छ ।
- आयोजनाले कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि भइ दिगो आर्थिक विकासमा टेवा पुर्याउने छ ।
- आयोजना विकासवाट सार्वनजिक क्षेत्रको क्षमता अभिबृद्धि भई भविष्यमा यस्ता आयोजनाहरु निर्माणमा लाग्न सकिने छ ।
- यस आयोजनाको विकास पश्चात संघ र प्रदेश बिचको साझेदारीमा आयोजना सञ्चालन गर्न खाका तयार  गर्न सकिने छ ।

## ५.४ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासका चुनौतिहरु (Threats/Challenges)

नेपालमा अन्तर-जलाधार बहुउद्देश्यीय आयोजनाहरुको विकास गर्न निम्न चुनौतिहरु रहेका छन् ।


- सिंचाइ नीतिले वर्षैभरि सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्य लिएकोले भेरी बबई डाइभर्सन जस्तो महत्वपूर्ण आयोजनालाई समयमा, तोकिएको लागत आनुमान तथा गुणस्तरमा सम्पन्न गर्न नवगठित जलस्रोत तथा सिंचाइ विभागले यस आयोजना निर्माणवाट यथेष्ठ क्षमता विकास गरी यस्तै प्रकृतिका अन्य आयोजनाहरुको विकास गर्नु ।
- आयोजनासँग एकिकृत रुपमा रहेको र आयोजनावाट डाईभर्ट गरिएको पानी प्रयोग गर्ने बबई सिंचाइ आयोजनालाई पनि एकिकृत ढंगबाट विकास गर्नु साथै बबई क्षेत्रमा भविष्यमा सिंचाइ सुविधा उपलव्ध हुने जमिन कृषिको लागि सुरक्षित राख्नु ।
- जनता तथा सम्पुर्ण सरोकारवाला हरुको आयोजनाबाट उच्च आकांक्षा रहेकोमा स्रोत साधन लगायत विभिन्न किसिमका सिमितताको विचमा आयोजनालाई द्रुत गतिमा विकास गर्नु ।
- संघीय नेपालमा संघ र प्रदेश बीच, प्रदेश र प्रदेश बीच र स्थानिय तह बीच उपलब्ध जलश्रोतको बाँडफाँडको विषयमा विवादहरु देखा पर्न थालेका छन् । यस सम्वन्धमा यस आयोजना पनि दुईवटा प्रदेशमा अवस्थित रहेकोले संघ, प्रदेश र स्थानिय तह बिच उपयुक्त समन्वय तथा प्रतिफल बाँडफाँडको विषयमा भविष्यमा हुनसक्ने द्वन्द व्यवस्थापन गर्नु ।
- यस आयोजना, जलाधार क्षेत्र तथा कमाण्ड क्षेत्र समेतमा जलवायु परिवर्तनको कारणबाट पानीको उपलब्धतामा आएको कमि तथा बाढी, पहिरो, भुक्षय बाट उत्पन्न जोखिम सम्वन्धमा पर्याप्त अध्ययन गर्नु र सोको उपयुक्त व्यवस्थापन गर्नु ।
- आयोजना बहुउद्देश्यीय प्रकृतिको भएको र जलविद्युत विकासमा निजि क्षेत्रलाइ समेत खुल्ला गरिएकोले टनेल निर्माण पष्चात निजि क्षेत्रहरुले विकास गर्ने भन्ने विषयमा अनावष्यक दौडधुप तथा चर्चा चल्ने गरेकोले आयोजना विकासमा सिर्जना हुनसक्ने अनावश्यक द्बुविधा निरुपण गर्नु ।

## ६ आयोजनाको गुरुयोजना तथा हालसम्मको प्रगति

आयोजनाको शुरु लागत अनुमान रु १६ अर्ब ४३ करोड रहेकोमा हाल संशोधित गुरुयोजना (स्वीकृत मितिः २०७५।०८।१०) अनुसार लागत अनुमान ३६ अर्ब ८० करोड रहेको छ।

| सि. नं. | ब.उ.शि.नं. | आयोजना/ कार्यक्रम | योजनाको नाम | खरिद गुरुयोजना | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्वीकृत मिति | रकम (रु. लाखमा) | | | | | | |
| | | | | | आ.ब. २०७४/७५ सम्म | आ.ब. २०७५/७६ | आ.ब. २०७६/७७ | आ.ब. २०७७/७८ | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | कूल रकम |
| १ | ३०८१५० | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | **२०७५।०८।१०** | ६३४५० | ५८३५० | ६०२२७ | ५४६०५ | ५६३६२ | ३८९७३ | ३३१९६६ |
| २ | ३०८१५० | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | भेरी कोरीडोर सिंचाइ बिकास आयोजना | **२०७५।०८।१०** | १९६३ | २४३७ | ६६२५ | ७६६५ | ८९१० | ८५११ | ३६१११ |
| | जम्मा | | | | ६५४१३ | ६०७८७ | ६६८५२ | ६२२७० | ६५२७२ | ४७४८४ | ३६८०७७ |

आयोजनाको विभिन्न कम्पोनेन्ट वाइज लागत अनुमान यस प्रकार रहेको छ।



आयोजनाको हालसम्म (२०७५ पौष मसान्त सम्म) को समग्र प्रगति यस प्रकार रहेको छ ।

| सि.नं. | कार्यको विवरण | लागत (रु.) | भार (%) | प्रगति (%) | भौतिक प्रगति (%) | हालसम्मको खर्च (रु करोड) |
|---|---|---|---|---|---|---|
| १ | टनेल निर्माण कार्य | १०५,६९७.३० | २८.७२ | ८६.०० | २४.७ | ८०९.११ |
| २ | टनेल निर्माण परामर्श सेवा | ५,६४२.१० | १.५३ | ८६.०० | १.३ | |
| ३ | हेडवर्क्स, सर्ज साफ्ट र पावरहाउसका सिभिल निर्माण कार्य | १२९,३४६.०० | ३५.१४ | ५.०० | १.८ | |
| ४ | हाइड्रोमेकानिकल निर्माण तथा जडान कार्य | ३०,३८१.०० | ८.२५ | २.०० | ०.२ | |
| ५ | इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान कार्य | ३७,५५०.०० | १०.२० | २.०० | ०.२ | |
| ६ | सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल निर्माण कार्यका लागि परामर्श सेवा | ९,५००.०० | २.५८ | ७.०० | ०.२ | |
| ७ | प्रशारण लाइन तथा अन्य पूर्वाधार निर्माण कार्य | ४,१५०.०० | १.१३ | ०.०० | ०.० | |
| ८ | वातावरणीय संरक्षण, सामाजिक सुधार तथा जग्गा प्राप्ति कार्य | ९,७००.०० | २.६४ | २०.०० | ०.५ | |
| ९ | भेरी कोरीडोर सिंचाइ बिकाश निमार्ण कार्य | ३६,१११.०० | ९.८१ | २५.०० | २.५ | २३.१८ |
| | **जम्मा** | ३६८,०७७.४० | **१००** | | **३१.३** | ८३२.२८ |
| **कूल भौतिक प्रगति (प्रतिशत)** | | **३१.३०** | | | | |
| **कूल वित्तिय प्रगति (प्रतिशत)** | | **२२.६१** | | | | |

## ७ आयोजनाको वर्तमान अवस्था

### ७.१ सुरुङ निर्माण

टनेल बोरिंग मेशीन जडान भई सुरुङ्ग निर्माण कार्य तीव्र गतिमा भैरहेको छ । जम्मा १२.२ कि.मी मध्ये पौष मसान्त सम्म १०.५० कि. मी टनेल निर्माण कार्य सम्पन्न भईसकेको छ । चालु आ.ब. मा सुरुङ्ग निर्माण कार्य सम्पन्न गर्ने गरि कार्य भएको छ ।

**सुरुङ्ग निर्माण कार्य**

ठेकोदार कम्पनी: चाइना ओभरसिज इन्जिनियरिङ्ग ग्रुप कम्पनि (COVEC)
सम्झौता मिति : २०७१ माघ १५ (Jan 29, 2015)

सम्झौता रकम : १० अर्ब ५६ करोड ९७ लाख
काम शुरु मिति : २०७२ जेष्ठ २१ (Commencement Date: June 04, 2015)
सम्पन्न गर्नुपर्ने मिति: २०७६ चैत्र १५ (March 28, 2020)
सुरुङ्ग निर्माण सुरु मिति: २०७४ कार्तिक २० (November 6, 2017), TBM Technology को प्रयोग सुरु गरिएको

## ७.२ सुरुङ्ग निर्माण परामर्शदाता

सुर्खेत जिल्ला, भेरी गङ्गा नगरपालिका, हात्तीखालमा निर्माणाधिन भेरी बबई डाईभर्सन बहुउद्धेशिय आयोजनाको सुरुङ्ग निर्माण कार्यलाई सफलतापूर्वक समयमै सम्पन्न गर्न आवश्यक प्राविधिक सहयोग, ठेक्का व्यवस्थापन तथा गुणस्तर नियन्त्रण सेवाको लागि Contract No.01/HRT/BBDMP अन्तर्गत यस आयोजना तथा श्री GEODATA Engineering S.p.A, Italy in association with Sustainable Infrastructure Development Foundation, बीच ३ जुलाई २०१५ मा (कार्य शुरु भएको मिति १० अगष्ट २०१५ देखि ७१ महिना अर्थात ९ अगष्ट २०२१ सम्म) परामर्शदातृ सेवा सम्झौता भएको छ ।

**सुरुङ्ग निर्माण परामर्शदाता**

परामर्शदाता: GEODATA Engineering S.P.A, Italy in association with Sustainable Infrastructure Development Foundation (SIDeF)

सम्झौता मिति: २०७२ असार १८ (July 3, 2015)
सम्झौता रकम: ५६ करोड ४२ लाख
काम शुरु मिति: २०७२ श्रावण २५ (Commencement Date: August 10, 2015)
सम्पन्न गर्नुपर्ने मिति: २०७८ श्रावण २५ (August 9, 2021)

## ७.३ विस्तृत परियोजना प्रतिवेदन तथा पुनरावलोकन कार्य

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन हाईड्रो-कन्सल्ट प्रा. ली ले सन् २०१२ मा सम्पन्न गरेकोमा हेडवर्क्स तथा पावरहाउन पुनरावलोकन गर्न सानिमा हाइड्रोलाई दिइएकोमा यस कार्यको अन्तिम प्रतिवेदन सेप्टेम्बर २०१८ मा प्राप्त भयो ।

सम्पुर्ण डिजाइन तथा आयोजनाको ड्रोइङ तथा लागत आनुमान स्विकृतिको लागि विभागिय स्विकृतिको लागि २५ सेप्टेम्वर २०१८ मा पेश गरिएकोमा सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कार्यको लागि परामर्श सेवाको  मूल्यांकन कार्य भैरहेको एवं सिभिल निर्माण कार्यको डिजाइन र लागत आनुमानको विभागीय स्विकृति प्राप्त गरी प्रि क्वालिफिकेशनको सूचना प्रकाशित गरिसकिएको छ । साथै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कार्यको डिजाइन, लागत आनुमान स्विकृतीको लागि पेश गरिएको छ र स्विकृती पस्चात सो निर्माण कार्यको समेत खरिद प्रक्रिया सुरु गरिनेछ ।

## ७.४ सामाजिक विकास कार्यक्रमहरु

भेरी ववइ बहुउद्देश्यीय आयोजनाले सामाजिक दाइत्व कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरु गर्दै आएको छ। यस अन्तर्गत पावरहाउस (बबई) क्षेत्र सम्वन्धी कार्यक्रमहरु संचालनमा रहेका छन्।

## ७.५ भेरी कोरिडर विकास आयोजना

यस डाइभर्सन आयोजनाले भेरी नदीको पानीलाई बबई नदीमा स्थानान्तरण गर्ने भएकोले भेरी कोरिडरको विभिन्न टारहरुमा सिंचाइ लगायत अन्य साना पुर्वाधारको विकास गर्न भेरी कोरिडर आयोजनाको विकास गरिएको हो।

भेरी कोरिडरमा सौर्य तथा विद्युतिय लिफ्ट सिंचाइ प्रणालीको निर्माणको साथै अन्य पुर्वाधारहरुको लागि अध्ययन तथा गुरुयोजना सम्पन्न भैसकेको छ भने निर्माणको कार्य सुरु भैरहेको छ।

यस आयोजना अन्तर्गत पहिलोचरणमा चालु आ. व. देखि ५ वर्ष सम्म सिंचाईसंग सम्वन्धि र पछि दोश्रो चरणमा अन्य पूर्वाधार निर्माण कार्य गरिने छ।

## ७.६ सिभिल निर्माण

सिभिल निर्माण आन्तर्गत हेडवर्क्स, सर्जसाफ्ट, पेनस्टकको सिभिल निर्माण र पावरहाउस निर्माण कार्य रहेका छन्। सन् २०१९ अप्रिलवाट सिभिल निर्माण सुरु गर्ने गरि खरिद प्रकृया सुरु गरिएको छ।

## ७.७ हाइड्रोमेकानिकल निर्माण

यस अन्तर्गत गेट तथा पेन स्टक पाइप निर्माण कार्य रहेको छ। सन् २०१९ जुलाई बाट हाइड्रो मेकानिकल निर्माण कार्य सुरु गर्नेगरि खरिद प्रकृया सुरु गरिएको छ।

## ७.८ ईलोक्ट्रोमेकानिकल निर्माण

यस अन्तर्गत टर्वाइन, जेनेरेटर, स्विच यार्ड निर्माण कार्य  रहेको छ। सन् २०१९ अगस्टबाट इलोक्ट्रोमेकानिकल निर्माण कार्य सुरु गर्ने गरि खरिद प्रकृया सुरु गरिएको छ।

## ७.९ प्रशारण लाइन निर्माण

यस अन्तर्गत १३२ केभी क्षमताको प्रशारण लाईन र सवस्टेशन निर्माण कार्य रहेको छ। नेपाल विद्युत प्रधिकरण द्वारा निर्माणाधिन प्रशारण लाइनमा लगेर आयोजनाको लाईन जोडिने छ। सन् २०१९ डिसेम्स्बरबाट प्रशारणलाईन निर्माण कार्य सुरु गर्ने गरि खरिद प्रकृया सुरु गरिएको छ।

## ७.१० बबई क्षेत्रको कमाण्ड एरिया विकास तथा पूर्वाधार निर्माण योजना सम्वन्धी अध्ययन

यस भेरी-ववइ डाईभर्सन आयोजना निर्माण पस्चात भेरीको ४० घन मिटर पानी बबई जलाधार क्षेत्रमा स्थानान्तरण गरेपछि बबई क्षेत्रको ५१,००० हेक्टर जमिनमा वाह्रै महिना सिंचाइ सेवा उपलव्ध गराउने आयोनजाको प्रमुख लक्ष्य रहेको छ। यसको लागि बबई क्षेत्रको कमाण्ड एरिया विकास तथा पूर्वाधार निर्माण

योजना सम्वन्धी अध्ययन गर्न जरुरी देखिन्छ । हालको बबई सिंचाइ आयोजनाको ३६,००० हेक्टर तथा नयां १५,००० हेक्टर जमिनमा सिंचाइ सेवा उपलब्ध गराउने तथा उक्त सिंचाइ सेवा विस्तार पष्चात कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्य गर्न समेत अध्ययन गर्न जरुरी छ । आयोजना संचालन भएपष्चात उक्त क्षेत्रमा विभिन्न कृषिका कार्यक्रम, कृषिको व्यवसायीकरण, उद्योग स्थापना, जग्गाको चक्लावन्दीकरण, जस्ता कार्यक्रम चलाउन अध्ययन गरिनेछ ।

## ८ आयोजनाको बजेट विनियोजन, खरिद विधि तथा कार्यतालिका

भेरी-ववई वहुउद्देश्यीय आयोजनाको निर्माणको साथै भेरीकोरिडर विकास आयोजनाको हालसम्मको खर्च तथा भविष्यमा पर्ने आवश्यक बजेट निम्न बमोजिम रहेको छ ।

| आ.ब. | विनियोजित बजेट | खर्च | आगामि आ.ब. मा आवश्यक बजेट | कैफियत |
|---|---|---|---|---|
| २०७४/७५ सम्म | | ६५४१३.०० | | |
| २०७५/७६ | ६०९७४.०० | | | |
| २०७६/७७ | | | ६६८५१.९२ | स्वीकृत खरिद योजना अनुसार |
| २०७७/७८ | | | ६२२६९.५० | |
| २०७८/७९ | | | ६५२७२.०० | |
| २०७९/८० | | | ४७४८४.१८ | |

यस भेरी बबई डाइभर्सन वहुउद्देश्यीय आयोजनाको विभिन्न कम्पोनेन्टवाइज लागत अनुमान तथा खरिद विधि यस प्रकार रहेको छ ।

| सि.नं. | वस्तु, निर्माण कार्यको विवरण | खरिद विधि/प्रकृया | अनुमानित लागत रु लाखमा | प्याकेज संख्या | संझौता रकम | सम्झौताको किसिम | वार्षिक खरिद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | टनेल निर्माण कार्य | ठेक्का (ICB) | | १ | १०५,६९७।३२ | इकाइ दर | आ.ब. २०७६।७७ मा सम्पन्न हुने | |
| २ | टनेल निर्माण परामर्श सेवा | ठेक्का (ICB) | | १ | ५,६४२।१० | समय आधारित ठेक्का | आ.ब. २०७६।७७ मा सम्पन्न हुने | |
| ३ | हेडवर्क्स, सर्ज साफ्ट र पावरहाउसका सिभिल निर्माण कार्य | ठेक्का (ICB) | १२१,०८०।०० | १ | | इकाइ दर | आ.ब. २०७५।७६ मा सुरु हुने | |
| ४ | हाइड्रोमेकानिकल निर्माण तथा जडान कार्य | ठेक्का (ICB) | २८,४४०।०० | १ | | डिजाइन तथा निर्माण | आ.ब. २०७६।७७ मा सुरु हुने | |
| ५ | इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान कार्य | ठेक्का (ICB) | ३५,१५०।०० | १ | | डिजाइन तथा निर्माण | आ.ब. २०७६।७७ मा सुरु हुने | |
| ६ | प्रसारण लाइन निर्माण कार्य | ठेक्का (NCB) | २,१५०।०० | १ | | इकाइ दर | आ.ब. २०७६।७७ मा सुरु हुने | |
| ७ | बाढी सम्बन्धि पूर्व जानकारिका लागि उपकरण जडान कार्य | ठेक्का (NCB) | ७००।०० | १ | | इकाइ दर | आ.ब. २०७८।७९ मा सुरु हुने | |
| ८ | सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलका लागि परामर्श सेवा | ठेक्का (ICB) | ९,५००।०० | १ | | समय आधारित ठेक्का | आ.ब. २०७५।७६ मा सुरु हुने | |
| ९ | वातावरणीय संरक्षण, सामाजिक सुधार तथा सामूदायिक सहयोग कार्य | ठेक्का (NCB) | ९,०००।०० | १ | | इकाइ दर | सालबसाली | |
| १० | जग्गा प्राप्ति कार्य | जग्गा प्राप्ति ऐनको प्रवधान अनुसार | २,०००।०० | १ | | जग्गा प्राप्ति ऐनको प्रवधान अनुसार | आ.ब. २०७५।७६ मा सम्पन्न हुने | |
| ११ | अन्य ( कन्टेन्जेन्सी आदी ) | | १२,६०७।०० | | | | | |
| | **जम्मा रु. लाखमा** | | २२०,६२७।०० | | १११,३३९।४२ | | | |

**आयोजनाको कुल लागत रु (लाखमा) : ३,३१,९६६.४२**

यसै गरी भेरी कोरीडोर विकास आयोजनाको विभिन्न कम्पोनेन्टवाइज लागत अनुमान तथा खरिद विधि यस प्रकार रहेको छ ।

| सि.नं. | वस्तु, निर्माण कार्यको विवरण | खरिद विधि/प्रकृया | अनुमानित लागत रु लाखमा | प्याकेज संख्या | सम्झौताको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लिफ्ट् सिंचाइ योजनाहरु (सोलार तथा बिद्युतबाट) १९५ गोटा | ठेक्का (NCB) तथा ज.उ.स मार्फत | १५,३३४.०० | ९८ | इकाइ दर | |
| २ | सिंचाइ कुलो मर्मत तथा पुर्नस्थापना ३१२ गोटा | ठेक्का (NCB) तथा ज.उ.स मार्फत | १५,१७९.०० | १५६ | इकाइ दर | |
| ३ | सिंचित क्षेत्र तथा इन्टेक बचावट कार्य | ठेक्का (NCB) तथा ज.उ.स मार्फत | ३,९४८.०० | ८ | इकाइ दर | |
| ४ | उपआयोजना अध्ययन तथा अनुसन्धान ( सिंचाइ तथा नदी नियन्त्रण सम्बन्धी अनुसन्धान तथा परामर्श) | ठेक्का (NCB) | १५० | १० | इकाइ दर | |
| ५ | अन्य (कन्टिन्जेन्सी खर्च ) | | १,५००.०० | | | |
| | **जम्मा** | | **३६,१११.००** | | | |

## ९ संगठन संरचना तथा मानव संसाधन

यस आयोजनामा आ.ब. २०७४/७५ मा कुल ३७ जनाको दरवन्दी स्विकृत भएकोमा ३१ जना कार्यरत रहेकोमा आ.ब. २०७५/७६ मा कुल ४१ जनाको दरवन्दी स्विकृत भएकोमा छ जसमध्धे ३६ जना कार्यरत रहेकाछन् जुन तल तालिकामा देखाइएको छ ।

चालु आ. व. २०७५/७६ मा निम्न संगठन संरचना प्रस्ताव गरिएको छ ।

भेरी ववइ डाइभर्सन आयोजना अन्तर्गत निम्न शाखाहरु रहनेछन् ।

१. समन्वय, टनेल निर्माण तथा वातावरणीय अनुकुलन शाखा

२. योजना डिजाइन तथा खरिद शाखा

३. मानव संसाधन, प्रशासन तथा आर्थिक प्रशासन शाखा

४. भेरी कोरिडर सिंचाई विकास शाखा

आगामि आ.ब. देखि आयोजनाका अन्य कार्यहरुको पनि निर्माण प्रारम्भ हुने हुँदा निम्न बमोजिमको संगठन संरचना प्रस्ताव गरिएको छ ।

भेरी ववइ डाइभर्सन आयोजना अन्तर्गत निम्न शाखाहरु रहनेछन् ।

१. हेडवर्क्स निर्माण शाखा

२. समन्वय, टनेल निर्माण, वातावरणीय अनुकुलन तथा भौगर्भिक शाखा

३. पावरहाउस तथा पेनस्टक निर्माण शाखा

२. योजना, खदिर शाखा सम्झौता व्यवस्थापन शाखा

३. मानव संसाधन, प्रशासन तथा आर्थिक प्रशासन शाखा

४. भेरी कोरिडर सिंचाई विकास शाखा

### ९.१ हेडवर्क्स निर्माण शाखा

यस शाखाले निम्न अनुसारको कार्य सम्पादन गर्नेछ ।

- विभिन्न सरोकारवालाहरुसंग समन्वय गर्ने
- आयोजनास्थलमा उठ्ने विभिन्न माग, समस्याहरुमा आयोजना निर्देशकसंग निरन्तर सम्पर्कमा रहेर कार्य सम्पादन गर्ने
- हेडवर्क्स निर्माण कार्यको लागि परामर्शदाता, निर्माण व्यवसायी तथा अन्य सँग समन्वय गर्ने
- हेडवर्क्स कार्यबाट हुने डुबान जग्गाको अधिग्रहण, वन तथा अन्य सरोकारका विषयमा सम्बन्धित निकायसंग समन्वय गर्ने

### ९.२ समन्वय, टनेल निर्माण, वातावरणीय अनुकुलन तथा भौगर्भिक शाखा

यस शाखाले निम्न अनुसारको कार्य सम्पादन गर्नेछ ।

- विभिन्न सरोकारवालाहरुसंग समन्वय गर्ने
- आयोजनास्थलमा उठ्ने विभिन्न माग, समस्याहरुमा आयोजना निर्देशकसंग निरन्तर सम्पर्कमा रहेर कार्य सम्पादन गर्ने
- टनेल निर्माण कार्यको लागि परामर्शदाता, निर्माण व्यवसायी तथा अन्य सँग समन्वय गर्ने
- सर्ज साफ्ट निर्माण कार्यको लागि परामर्शदाता, निर्माण व्यवसायी तथा अन्य सँग समन्वय गर्ने
- टनेल निर्माण स्थलमा आउने आगन्तुक, तथा अन्य भिजिटरहरुलाई आयोजनाको वारेमा जानकारी गराउनुको साथै समन्वय गर्ने
- हेडवर्क्स कार्यबाट हुने डुबान जग्गाको अधिग्रहण, वन तथा अन्य सरोकारका विषयमा सम्बन्धित निकायसंग समन्वय गर्ने
- वातवरणीय अध्ययन प्रतिवेदनले सुचिकृत गरेका वातावरणीय अनुकुलन र कम्प्लाइन्स सम्वन्धि कार्य गर्ने
- आयोजना निर्माणका क्रममा आइपर्ने भौगर्भिक समस्याहरुको समाधानको पहल गर्ने

## ९.३ पावरहाउस तथा पेनस्टक निर्माण शाखा

यस शाखाले निम्न अनुसारको कार्य सम्पादन गर्नेछ ।

- विभिन्न सरोकारवालाहरुसंग समन्वय गर्ने
- आयोजनास्थलमा उठ्ने विभिन्न माग, समस्याहरुमा आयोजना निर्देशकसंग निरन्तर सम्पर्कमा रहेर कार्य सम्पादन गर्ने
- पावरहाउस तथा पेनस्टक निर्माण कार्यको लागि परामर्शदाता, निर्माण व्यवसायी तथा अन्य सँग समन्वय गर्ने

## ९.४ योजना, खरिद तथा सम्झौता व्यवस्थापन शाखा

यस शाखाले निम्न अनुसारको कार्य सम्पादन गर्नेछ ;

- आयोजनाको समग्र योजना, वार्षिक वजेट, प्रगति, गुरुयोजना, खरिद गुरुयोजना लगायतको अन्य कार्यहरु गर्ने
- हेडवर्क्स, सर्जसाफ्ट, पेनस्टक, पावरहाउस लगायतको डिजाइन सम्वन्धि कार्य गर्ने
- सिभिल, हाइड्रोमेकानिकल, इलोक्ट्रोमेकानिकल निर्माणको लागि निर्माण व्यवसायी छनौट गर्न आवश्यक डकुमेन्ट तयारी तथा खरिद सम्वन्धी कार्य गर्ने
- डिजाइन कार्यको लागि परामर्शदाता तथा अन्य संग समन्वय गर्ने
- योजना, डिजाइन तथा खरिद व्यवस्थापन सम्वन्धी कार्यको लागि आयोजना निर्देशकसंग निरन्तर सम्पर्कमा रहेर कार्य सम्पादन गर्ने

## ९.५ मानव संसाधन, प्रशासन तथा आर्थिक प्रशासन शाखा

यस शाखाको कार्यहरु निम्नअनुसार हुनेछन्ः

- संगठन संरचना, दरवन्दी सम्बन्धी कार्य गर्ने
- उपलव्ध मानव स्रोतको परिचालन गर्न योजना बनाउने
- आर्थिक प्रशासन सम्वन्धी कार्य गर्ने
- आयोजनाको लेखा, आर्थिक प्रगति, बजेट निर्माण, दैनिक खर्च व्यवस्थापन लगायतका कर्यहरु गर्ने
- आन्तरिक तथा वाह्यय लेखापरिक्षण सम्वन्धी कार्यहरु गर्ने
- स्टोरको व्यवस्थापन चुस्त ढंगबाट गर्ने
- आयोजना निर्देशकसंग निरन्तर सम्पर्कमा रहेर निर्देशन अनुसार कार्य सम्पादन गर्ने

## भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना
## (चालु आ.व. २०७५-२०७६ को संगठन संरचना)

**आयोजना निर्देशक**

रा.प.प्र.प्रा../ईन्जिनियरिङ/सिभिल/इरिगेशन-१

सुरुङ्ग निर्माण
सुपरभिजन परामर्शदाता

सुरुङ्ग निर्माण
(निर्माण व्यवसायी)

### समन्वय, टनेल निर्माण तथा वातावरणीय अनुकुलन शाखा (बबइ कोरीडोर)

- रा.प.द्वि.प्रा./ईन्जि./सिभिल/इरि (सि.डि.ई.)-१
- रा.प.द्वि.प्रा./ईन्जि/जियो.हा.जि. (सि.डि.हा.जि.)-१
- रा.प.तृ.प्रा./ ईन्जि/सिभिल/इरिगेशन (ई.)-१
- रा.प.तृ.प्रा./ ईन्जि./जियो./हाइड्रोजियो (हाईड्रोजियोलोजिष्ट) -१
- रा.प.अन.प्रथम.प्रा. ईन्जि/सिभिल.इरिगेशन (सव-इन्जि.)-१
- रा.प.अन.द्वि.प्रा./इन्जि/एगृ.ईर.ि (ए.ओ.)-१

### योजना, डिजाइन तथा खरिद शाखा

- रा.प.द्वि.प्रा./ईन्जिनियरिङ/ इरिगेशन (सि.डि.ई.)-२
- रा.प.तृ.प्रा./ ईन्जिनियरिङ/सिभिल.इरिगेशन (ई.)-२
- रा.प.अन.प्रथम.प्रा. ईन्जि/सिभिल.इरिगेशन (सव-इन्जि.)-१

### मानव संसाधन/प्रशासन/ आर्थिक प्रशासन शाखा

- रा.प.प्र./प्रशासन/लेखा (उपसचिव)-१
- रा.प.अन.प्र./प्रशासन/सा.प्रशासन (ना.सु) -१
- रा.प.अन.प्र.प्रशासन/लेखा (लेखापाल)-१
- रा.प.अन.प्र.प्रा./विविध -(कम्प्युटर अपरेटर)-२
- श्रेणी विहिन प्रशासन/सा.प्रशासन टाइपिष्ट)-१
- श्रेणी विहिन/ईन्जि/मेका/जनरल मेका (ह.स.चा.)-५
- श्रेणी विहीन/प्रशासन/सा.प्रशासन (का.स.) ५

### भेरी कोरिडर सिंचाइ विकास शाखा

- रा.प.द्वि.प्रा./ईन्जिनियरिङ/सिभिल.इरिगेशन (सि.डि.ई.)-१
- रा.प.तृ.प्रा./ ईन्जिनियरिङ/सिभिल.इरिगेशन (ई.)-१
- रा.प.अन.प्र.प्रशासन/लेखा (लेखापाल)-१
- रा.प.अन.द्वि.प्रा./इन्जि/एगृ.ईर.ि (सि.ए.ओ.)-१
- श्रेणी विहिन/ईन्जि/मेका/जनरल मेका (ह.स.चा.)-१
- श्रेणी विहीन/प्रशासन/सा.प्रशासन (का.स.) २

## भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना
## (आ.व. २०७६/२०७७ पछिको संगठन संरचना)

**मानव संसाधन/प्रशासन/ आर्थिक प्रशासन शाखा**

- रा.प.प्र. /प्रशासन/लेखा (उपसचिव)-१
- रा.प.अन.प्र. /प्रशासन/सा.प्रशासन (ना.सु) -१
- रा.प.अन.प्र.प्रशासन/लेखा (लेखापाल)-१
- रा.प.अन.प्र.प्रा. /विविध -(कम्प्युटर अपरेटर)-२
- श्रेणी विहिन प्र/सा.प्र टाइपिष्ट)-१
- श्रेणी विहिन/ईन्जि/मेका/ज मेका (ह.स.चा.)-५
- श्रेणी विहीन/प्रशासन/सा.प्रशासन (का.स.) ५

**आयोजना निर्देशक**

रा.प.प्र.प्रा.. /ईन्जिनियरिङ/सिभिल/इरिगेशन-१

**हेडवर्क्स निर्माण शाखा**

- रा.प.द्वि.प्रा. /ईन्जि/सिभिल.इरि (सि.डि.ई.)-१
- रा.प.तृ.प्रा. / ईन्जि/सिभिल/इरि (ई.)-२
- रा.प.अन.प्रथम.प्रा. ईन्जि/सिभिल/इरि (सब-इन्जि.)-२

**समन्वय, सुरुङ्ग निर्माण, वातावरण अनुकुलन तथा भौगर्भिक शाखा**

- रा.प.द्वि.प्रा. /ईन्जि. /जियो. /हा.जि. (सि.डि.हा.जि.)-१
- रा.प.तृ.प्रा. /ईन्जि. /जियो. /हा.जि.(हाईड्रोजियोलोजिष्ट) -१
- रा.प.तृ.प्रा. / ईन्जि/सिभिल/इरि (ई.)-१
- रा.प.तृ.प्रा. /ईन्जि. /जियो. / इन्जि. जियो. (ईन्जि.जियोलोजिष्ट) -१

**पावरहाउस तथा पेनस्टक निर्माण शाखा**

- रा.प.द्वि.प्रा. /ईन्जि/सिभिल.इरि (सि.डि.ई.)-१
- रा.प.तृ.प्रा. / ईन्जि/सिभिल/इरि (ई.)-२
- रा.प.अन.प्रथम.प्रा. ईन्जि/सिभिल/इरि (सब-इन्जि.)-२

**योजना, खरिद तथा सम्झौता व्यवस्थापन शाखा**

- रा.प.द्वि.प्रा. /ईन्जि/सिभिल.इरि (सि.डि.ई.)-१
- रा.प.तृ.प्रा. / ईन्जि/सिभिल/इरि (ई.)-२
- रा.प.अन.प्रथम.प्रा. ईन्जि/सिभिल/इरि (सब-इन्जि.)-२

**भेरी कोरिडर सिंचाइ तथा पूर्वाधार विकास शाखा**

- रा.प.द्वि.प्रा. /ईन्जिनियरिङ/सिभिल.इरिगेशन (सि.डि.ई.)-१
- रा.प.तृ.प्रा. / ईन्जिनियरिङ/सिभिल.इरिगेशन (ई.)-१
- रा.प.अन.प्र.प्रशासन/लेखा (लेखापाल)-१
- रा.प.अन.द्वि.प्रा. /इन्जि/एग्री.ईर.ि (सि.ए.ओ.)-१
- श्रेणी विहिन/ईन्जि/मेका/जनरल मेका (ह.स.चा.)-५
- श्रेणी विहीन/प्रशासन/सा.प्रशासन (का स ) ५

- निर्माण सुपरभिजन - परामर्शदाता
- सिभिल निर्माण - निर्माण व्यावसायी
- हाईड्रोमेकानिकल निर्माण - निर्माण व्यवसायी
- इलोकट्रोमेकानिकल निर्माण - निर्माण व्यवसायी

### ९.६ भेरी कोरिडर सिंचाई विकास शाखा

आयोजनाले भेरी नदीको पानी बबई नदीमा स्थानान्तरण गर्ने भएकोले त्यस क्षेत्रको विभिन्न पूर्वाधार निर्माण सम्वन्धी कार्यहरु आयोजनाबाट हुने गरी योजना बनाइएको छ । यस शाखाले भेरी कोरिडरमा विभिन्न पूर्वाधार निर्माण गर्न निम्न अनुसारको कार्य सम्पादन गर्नेछ ।

- भेरी कोरिडरका विभिन्न सरोकारवालाहरुसंग समन्वय गरि आयोजनाहरुको छनौट तथा प्राथमिकिकरण गर्ने,
- आयोजनाहरुको सर्वेक्षण, अध्ययन कार्य गर्ने
- भेरी कोरिडरका पूर्वाधार निर्माण कार्यको लागि परामर्शदाता, निर्माण व्यवसायी तथा अन्य संग समन्वय गर्ने
- आयोजनास्थल, भेरी कोरिडरमा उठ्ने विभिन्न माग, समस्याहरुमा आयोजना निर्देशकसंग निरन्तर सम्पर्कमा रहेर कार्य सम्पादन गर्ने
- हेडवर्क्स कार्यबाट हुने डुबान जग्गाको अधिग्रहण, वन तथा अन्य सरोकारका विषयमा सम्बन्धित निकायसंग समन्वय गर्ने
- वातवरणीय अध्ययन प्रतिवेदनले सुचिकृत गरेका वातावरणीय अनुकुलन र कम्प्लाइन्स सम्वन्धि कार्य गर्ने

## १० आयोजनाको कार्यान्वयन तथा सञ्चालन अवधारणा एवं समन्वय

भेरी-ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना एक बहुउद्देश्यीय आयोजना भएकोले साथै यस आयोजनावाट ५१,००० हेक्टर जमिनमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने गरी केन्द्र अन्तर्गत हाल जलस्रोत तथा सिंचाइ विभाग मार्फत कार्यान्वयनमा रहेको छ । यस आयोजनाबाट ४६.८ मेगावाट जलविद्युत समेत उत्पादन हुने भएकोले उक्त विकास तथा संचालनमा निजि क्षेत्रले पनि इच्छा देखाएका छन् । साथै यस आयोजना प्रदेश ५ र ६ सँग समेत सम्बन्धित भएकोले  प्रदेश सरकार तथा स्थानिय निकायले समेत विकास तथा संचालनमा ईच्छा जाहेर गरेका छन् । जलस्रोत तथा सिंचाइ विभागले बहुउद्देश्यीय आयोजनाहरुको विकास तथा संचालन अवधारणा सम्वन्धि कार्यविधि माननीय मन्त्रीज्यु समक्ष गरिएको प्रस्तुतीमा यस आयोजनाको विकास जलस्रोत तथा सिंचाइ विभागबाट नै र संचालनमा विभिन्न निकायलाई संलग्न गराइ गर्ने उल्लेख छ। आयोजनावाट बबई क्षेत्रको सिंचाइ सुविधा भरपर्दो बनाई कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने गरी समग्रतामा एकिकृत ढंगवाट विकास गर्नुपर्ने देखिन्छ । यस सन्दर्भमा हेडवर्क्स र पावरहाउसको निर्माण सुरु भएपस्चात आ.ब. २०७५/०७६ को अन्त्यसम्ममा खाका निर्माण गरी छलफल पश्चात निस्कर्षमा पुगिनेछ ।

भेरी-ववई वहुउद्देश्यीय आयोजना वहुउद्देश्यीय आयोजना भएकोले केन्द्र अन्तर्गत कार्यान्वयनमा रहेको छ । तथापी यस आयोजनाले प्रदेश ५ र ६, सम्बन्धित स्थानीय निकाय साथै अन्य सरोकारवालाहरुसंग समेत समन्वय गरी आयोजना विकास गरिने छ ।

## ११ डाइभर्सन आयोजना विकासको भावि कार्यदिशा तथा सिफारिस

१. नेपालमा उपलब्ध जलश्रोतलाई वहुआयामिक फाइदा हुने गरी बहउद्देश्यीय आयोजनाको रुपमा विकास गर्नुपर्ने । यसवाट सिंचाइ आयोजनाहरुमा वाह्रै महिना पानी उपलब्ध हुने, जलविद्युत, बाढी नियन्त्रण, खानेपानी, आमोद-प्रमोद, पर्यटन तथा वातावरणीय फाइदा हुनुको साथै उपलब्ध जलश्रोतको अधिकतम उपयोग हुनेछ । तराई-मधेस क्षेत्रमा भुमिगत जलश्रोतको उपयोगवाट भ-पानीको सतह घट्न थलेकोले यस्ता आयोजनावाट भुमिगत जलश्रोत रिचार्ज हुनुको साथै सतह र भुमिगत जलश्रोतको संयोजनात्मक ऊपयोगबाट तराई क्षेत्रको कृषि उत्पादकत्वमा वृद्धि हुने, दिगो जलश्रोतको व्यवस्थापन हुन सक्ने साथै विभिन्न वातावरणीय फाईदा लिन सकिनेछ । तसर्थ यस आयोजनाको समाप्ति पश्चात निम्न डाइभर्सन तथा बहुउद्देश्यीय आयोजनाहरुको विकासमा समेत लाग्नुपर्ने देखिन्छ ।

- सुनकोशी-मरिन वेसिन डाईभर्सन आयोजना
- नौमुरे-राप्ति बहुउद्देश्यीय आयोजना
- कालीगण्डकी-तिनाऊ डाइभर्सन वहुउद्देश्यीय आयोजना
- कन्काई जलाशययुक्त वहुउद्देश्यीय आयोजना

२. भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनालाई समयमा सम्पन्न गरी यसको अधिकतम प्रतिफल समयमानै लिन आवश्यक बजेट विनियोजन, कर्माचारीको ब्यवस्थापन, कार्यसम्पादनमा आधारित इन्सेन्टिभ प्रणाली, प्राविधिक क्षमता अभिवृद्धि, उपयुक्त अनुगमन संयन्त्र आदि विकास गर्न जरुरी रहेको छ । आयोजना निर्देशकलाई आवश्यक अधिकार, व्यस्थापन स्वतन्त्रता, स्रोत साधन सहित जिम्मेवार बनाउन आवस्यक देखिन्छ ।

३. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता ठूला, जलाशययुक्त, अन्तरजलाधार स्थानान्तरण तथा बहुउद्देश्यीय आयोजनाहरुको विकास गर्न सरकारी लगानीले मात्र संभव नहुने भएकोले सरकारी लगानीको अलावा वैकल्पिक लगानी तथा साझेदारीको मोडल (सार्वनजिक निजि साझेदारी) विकास गरी कार्यान्वयन गर्न जरुरी छ । हालसालै जलस्रोत तथा सिंचाइ विभागबाट तयार भएको बहुउद्देश्यीय आयोजनाहरुको विकास तथा संचालन मोडालिटीमाथि पर्याप्त छलफल भइ विभिन्न आयोजनाहरुलाई विभिन्न मोडलमा निर्माण तथा संचालन गरी नेपालमा उपलब्ध जलस्रोतको अधिकतम उपयोग गर्न जरुरी देखिन्छ ।

४. संघिय नेपालमा जलस्रोतको बिकासको लागि संघ, प्रदेश र स्थानिय तहको सरकारबीच समन्वयात्मक विकासको साथै तीनवटै तहको क्षमता अभिवृद्धि गर्न जरुरी छ । भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण तथा संचालनमा प्रदेश सरकार र स्थानिय निकायको रचनात्मक सहयोग हुने वातावरण निर्माण गर्नु जरुरी छ । संघ प्रदेश र स्थानिय तह बीच पानी उपयोग तथा प्रतिफल बाँडफाँडको लागि साथै यस सम्वन्धमा भविष्यमा हुन सक्ने विवाद व्यवस्थापन गर्न आवश्यक संरचनागत व्यवस्था साथै यस सम्वन्धि कार्यरत जनशक्तिको क्षमता अभिबृद्धि गर्न जरुरी देखिन्छ ।

५. जलश्रोत तथा सिंचाइ क्षेत्रमा ठूला तथा बहुउद्देश्यीय आयोजनाहरुको प्रभावकारी कार्यान्वयन, ब्यवस्थापन तथा ठेक्का व्यवस्थापन गर्न प्राविधिक जनशक्तिहरुलाई तालिम र विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रम

संचालन गर्नु पर्दछ । वैदेशिक तालिमका कार्यक्रमहरुलाई ब्लाङ्केट अवधारणामा वन्द गर्नु हुंदैन । प्रविधिक क्षेत्रमा यो अपरिहार्य रहनुको साथै यसबाट तत्कालमा केहि खर्च देखिएपनि दिर्धकालिन रुपमा देशलाई फाइदा हुने देखिन्छ ।

६. स्थानीय निर्माण सामाग्रि, वन क्षेत्र र राष्ट्रिय निकुन्ज क्षेत्रबाट बग्ने नदीहरुबाट उपलब्ध हुने निर्माण सामाग्रि प्राप्त गर्न हालको लामो र झन्झटिलो प्रकृयालाई सरलिकृत गरि कार्यान्वयन गरिनु पर्दछ । राष्ट्रिय गौरवका आयोजनाहरुको लागि विषेश व्यवस्था गर्नुको साथै आयोजना निर्देशकलाई केहि अधिकार दिनु जरुरी पर्दछ ।

७. आयोजना कार्यान्वयन तथा अनुगमनलाई प्रभावकारी बनाउनको साथै Decision Making Support System लाई छरितो तथा चुस्त बनाउन Database Management लाई प्रभावकारी बनाउनुको साथै smart management, e-governance and e-management जस्ता विधि राष्ट्रिय गौरवका आयोजनाहरुमा अवलम्बन गर्नुपर्ने देखिन्छ ।

८. जलबायु परिवर्तनवाट भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना जस्ता आयोजनाहरुमा पर्नसक्ने प्रभावको विषयमा अध्ययन, अनुसन्धानमा समेत जोड दिनु आवस्यक देखिन्छ । जलबायु परिवर्तनको कारणले विद्यमान संरचना, तापमान बृद्धिका कारणले वालीमा पर्ने असर, भुमिगत जलश्रोतको पानीको सतहमा आउने परिवर्तन, बाढि, पहिरो, सेडिमेन्ट यिल्ड (Sediment yield) जस्ता विषयमा अनुसन्धान तथा खोज कार्यमा प्राविधिक जनशक्तिलाइ उत्प्रेरणा जगाउनुको साथै क्षमता अभिबृद्धि गर्नुपर्ने देखिन्छ।

९. यस आयोजनामा सुशासन, उत्तरदायीत्व, जनताप्रति जिम्मेवारीपन, नतिजामुलक कार्यव्यवस्थापन जस्ता अत्यावश्यक तत्वहरुलाई विषेश रुपमा कार्यान्वयन गरिने ।

१०. एकिकृत रुपमा भेरी-बबई वेसिन डाइभर्सन आयोजना र बबई सिंचाइ आयोजनाको कर्यान्वयन तथा संचालन आवश्यक भएकोले मन्त्रालयमा छलफल गरी विकास तथा संचालन अवधारणा बनाइनेछ । साथै यस आयोजना निर्माण पष्चात बबई क्षेत्रमा भरपर्दो सिंचाइ सेवा उपलव्ध गराउन बबईको कमाण्ड एरिया डेभलेपमेण्ट सम्बन्धि अध्ययन कार्य गर्नु जरुरी देखिन्छ ।

## १२ सारांश

यस रणनीतिक योजना पत्रले भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हालको अवस्था, समस्या र चुनौतिहरुको यथार्थ चित्रण गरी वस्तुपरक ढंगवाट यीनको विष्लेषण गरी भावि योजना तयार गरिएको छ । यसको माध्यमले यस आयोजनालाई स्पष्ट ढंगबाट सम्पन्न गर्न मद्दत पुग्नुको साथै यस क्षेत्रमा कार्य गर्ने निकाय तथा जनशक्तिहरुलाई मार्गनिर्देशन गर्ने विश्वास लिइएको छ ।

नेपालको कृषियोग्य जमिनमा वर्षैभरि भरपर्दा सिँचाइ सुविधा उपलब्ध गराउन भेरी बबई डाइभर्सन जस्तो महत्वपूर्ण आयोजनालाई समयमा, तोकिएको लागत आनुमान तथा गुणस्तरमा सम्पन्न गरी नवगठित जलस्रोत तथा सिंचाइ विभागले यस आयोजना निर्माणबाट यथेष्ठ क्षमता विकास गरी यस्तै प्रकृतिका अन्य आयोजनाहरुको विकास गर्न उच्च मनोवलको निर्माण गर्नु आजको आवश्यकता रहेको छ

**अनुसुचिहरु**

- आयोजनाको खरिदगुरुयोजना तालिका
- आ.व. २०७५/२०७६ को स्विकृत बार्षिक बजेट
- आ.व. २०७४/७५ र २०७५/२०७६को स्विकृत अस्थाई दरबन्दी
- आयोजनाको लागत अनुमानको सारांश (भेरी कोरिडरको समेत)
- खरिद तथा निर्माण समय तालिकाहरु (सिभिल निर्माण, टनेल निर्माण, हाइड्रोमेकानिकल, इलोक्ट्रोमेकानिकल, परामर्शदाता सुपरभिजन)
- आयोजनाको अध्यावधिक विवरण